# हाम्रो शिक्षा

अर्धवार्षिक समाचार पत्रिका, स्व. डा. भोला प्रसाद दाहालमा समर्पित    अङ्क ५, जनवरी २०१९

सहयोग तथा साझेदार संस्थाहरु


## यस अङ्कमा


- उत्कृष्ट विद्यालय पुरस्कृत
- Post Training follow up छलफल कार्यक्रम
- विद्यालय सुधार योजना सम्बन्धी अभिमुखीकरण
- विद्यालय सरोकारवालाहरुको क्षमता अभिवृद्धि
- जिल्ला स्तरीय नीतिगत संवाद
- सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता, विषयक जर्नक पुस्तिकाको दोस्रो अंक प्रकाशन
- हाम्रो शिक्षा मोबाईल एप्लिकेशन सम्बन्धी तालिम तथा विद्यालय अनुगमन प्रतिबेदन
- अनुगमन गरिएका सामुदायिक बिद्यालयहरुको नामवली:
- अनुगमनका क्रममा विद्यालयहरुमा हाम्रो शिक्षा मोबाइल एपको अवस्था, समस्या र चुनौतीहरु
- "अप्पन शिक्षा" रेडियो कार्यक्रम
- समुदायमा प्रचार-प्रसार कार्यक्रम
- नागरिक संस्थाहरु (CSOs) को गतिविधि
- गुनासो दर्ता सुनुवाइ संयन्त्र
- नागरिक संस्थाहरुलाई पुर्नताजगी तालिम


## उत्कृष्ट विद्यालय पुरस्कृत



शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्धारा  हाम्रो शिक्षा परियोजना अन्तर्गतका ४२  वटा विद्यालयहरु मध्येबाट उत्कृष्ट ६ विद्यालयलाई सुशासन, जवाफदेहिता, भौतिक संरचना, बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री विद्यालयको वातावरण, सिकाई उपलब्धी, विद्यालय शान्ति क्षेत्र आदी सूचकहरुमा देखिएका सकारात्मक सुधारको मूल्याङ्कन गरी हौसला स्वरुप पुरस्कृत गर्ने उद्देश्यका साथ प्रदेश नं २ का तीनवटै जिल्लामा "उत्कृष्ट विद्यालय सम्मान" कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रमको प्रभावकारीताका लागि जिल्ला स्तरीय निकायहरु जस्तै शिक्षा विकास तथा समन्वयन ईकाई, जिल्ला समन्वय समिति, पत्रकार महासंघ, शिक्षक महासंघ, सर्च फर कमन ग्राउण्ड तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका पदाधीकारीहरुको संलग्नतामा जिल्लागत छनौट समितिको गठन गरिएको थियो। दुबै चरणको उत्कृष्ट विद्यालय छनौट प्रकृयाका लागि सर्वप्रथम छनौट समितिसँगको बैठक बसेको थियो जसमा पहिलो चरणमा ४२ वटै विद्यालय अनुगमन गर्ने र दोस्रो चरणमा १३ वटा विद्यालय अनुगमन गर्ने निर्णय भएको थियो। विद्यालय अनुगमन भ्रमणको कार्यविधि तथा मूल्याङ्कन प्रश्नावली निर्माण प्रकृयाको निर्णय समेत समितिले नै गरेको थियो। यसै क्रममा पहिलो चरणबाट तपसिलका विद्यालयहरु सर्वाधिक अंक ल्याई उत्कृष्ट हुन सफल भएका थिए। उक्त विद्यालयहरुलाई कार्तिक २६ गते धनुषामा, कार्तिक २७ गते सिराहामा र २८ गते महोत्तरीमा एक दिने कार्यक्रम सहित उत्कृष्ट विद्यालय पुरस्कार प्रदान गरिएको थियो।

- श्री जनता माध्यमिक विद्यालय, गिद्दा बेलापट्टी, बिदेह नगरपालिका, धनुषा जिल्ला
- श्री भेरुखी उच्च माध्यमिक विद्यालय, लोहारपट्टी, लोहारपट्टी न.पा.-५, महोत्तरी जिल्ला
- श्री चन्द्र माध्यमिक विद्यालय, सिरहा, सिरहा नगरपालिका- सिराहा जिल्ला

यसै गरी पुष १३ गते धनुषा र सिराहामा र १६ गते महोत्तरीमा दोस्रो चरणबाट तपसिलका  विद्यालयहरुले सर्वाधिक अंक ल्याई पुरस्कृत भएका थिए।

- श्री बैधनाथ देवनारायण माध्यमिक विद्यालय, मुखियास्पट्टी मुस्हर्निया गा.पा., धनुषा जिल्ला
- श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय, धमौरा। महोत्तरी बलुवा नगरपालिका-१०
- श्री जनता माध्यमिक विद्यालय, देउरीपट्टी, सिराहा जिल्ला

कार्यक्रममा धनुषा जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईका ईकाई प्रमुख बर्खु प्रसाद रजक ज्युले कार्यक्रमले दुई वर्षको दौरानमा विद्यालय सुशसान, प्रधानाध्यापक को भूमिका अझै मजबुत  बनाउन सहयोग गरेको , बालक्लब सक्रिय भई विद्यालयका विभिन्न कार्यक्रममा नेतृत्वदायी भूमिका निभाईरहेको र विद्यलायको लेखा प्रणालीलाई चुश्त तथा दुरुस्त राख्नमा सफल भएको जानकारी दिनुभएको थियो। तराईका धेरै विद्यालयहरुमा विद्यालय सुधार योजना नभएको अवस्थामा यस हाम्रो शिक्षा  परियोजना मार्फत विद्यालय सुधार योजना निर्माण प्रकृयामा सहजीकरण भएको जसको

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल) देशका विभिन्न ३३९ वटा राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरू, शिक्षक महासङ्घ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदाय स्तरमा परिचालित सङ्घसस्थाहरूको एक राष्ट्रिय सञ्जाल हो। गुणस्तरीय शिक्षाका निमित्त नीति निर्माण, नीतिहरूमा समयसापेक्ष सुधार एवम् कार्यान्वयनमा दृढता स्थापित गर्नु नै एनसिई– नेपालको मुख्य गन्तव्य हो। करिब १ सय ५० भन्दा बढी देशमा गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका लागि क्रियाशील 'शिक्षाका लागि विश्वव्यापी अभियान' (Global Campaign for Education-GCE) सँगको आवद्धतासहित नेपालका शिक्षा अधिकारकर्मीहरूको साझा प्रयत्नमा एनसिई–नेपाल सन् २००३ बाट निरन्तर रूपमा अगाडि बढिरहेको छ। एनसिई–नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चिताका लागि आवाजविहीनहरूको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो। समतामूलक समाज निर्माणको आधारको रूपमा 'शिक्षा अधिकार' लाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खबरदारी एवम् साझेदारी गर्दै शिक्षा क्षेत्रको नागरिक अभियानका रूपमा यो सञ्जाल स्थापित भएको छ। यस संस्थाले स्थानीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै जनस्तरका मुद्दाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुर्‍याउँदै आएको छ।

प्रतिफल स्वरुप विद्यालयहरुले विद्यालय सुधार योजना बनाउन पनि सफल भएको कुरा राख्नुभएको थियो । साथै उहाँले विद्यालय व्यवस्थापन समिति गठन प्रकृयामा समेत सरोकारवालाहरुलाई अभिमुखिकरण गर्दै विद्यालय व्यवस्थापन समिति गठन समेत गर्न सहजीकरण भएको जानकारी गराउनुभएको थियो । त्यसैगरी शिक्षा विकास तथा समन्वय ईकाई महोत्तरीका ईकाई प्रमुखद्धारा शत्रुधन यादवद्वारा कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षाका लागि राष्ट्रिय अभियाननेपालद्धारा आगामी दिनमा पनि विद्यालय सुशासन सम्बन्धी कार्यक्रमको निरन्तरता हुनुपर्नेमा जोड दिनुभएको थियो ।



कार्यक्रममा एनसिई नेपालका सचिव केशव पाठक र कार्यसमिति सदस्य सफला राजभण्डारीद्धारा विद्यालयहरुमा अनुगमन भ्रमण, मूल्याङ्कन फारमहरुको विश्लेषण र उत्कृष्ट विद्यालयहरुको नतिजा प्रकाशन तथा विद्यालय सम्मान कार्यक्रममा सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा उत्कृष्ट हुने विद्यालयलाई कदन पत्र, दोसल्ला तथा टिका अभिरले अभिनन्दन गरिएको थियो । एनसिई नेपालद्धारा आयोजना गरिएको यस किसिमको सम्मान कार्यक्रमलाई विद्यालय परिवार, सरोकारवालाहरु र जिल्ला स्तरीय निकायबाट सकारात्मक कदमको रुपमा हेरी यसले विद्यालयहरुलाई "प्रयास गरे सबै कुरा सम्भव हुन्छ" भन्ने सन्देशका साथ अन्य विद्यालयहरुलाई पनि अगाडी बढ्नका लागि थप प्रोत्साहित गरेको थियो ।

## Post Training follow up छलफल कार्यक्रम

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्वारा "हाम्रो शिक्षा" परियोजना अन्तर्गत भएका विभिन्न तालिमहरु पश्चात् विद्यालयमा भएका उपलब्धिहरु, कार्यक्रम संचालनको अवधीमा देखिएका चुनौतीहरु र आगामी दिनका लागि सुझावका विषयमा विभिन्न शिक्षाका सरोकारवालाहरु जस्तै प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति, बालक्लबका सदस्यहरु आदिसँग छलफल तथा समिक्षा कार्यक्रम पौष १३ गते धनुष र सिराहा जिल्लामा र पौष १६ गते महोत्तरी जिल्लामा आयोजना गरिएको थियो । सहभागिहरुलाई विभिन्न समुहमा विभाजन गरी समुह कार्य र प्रस्तुतीकरणका माध्यमबाट कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा सहभागिहरुद्धारा प्रस्तुत गरिएको सिकाई, चुनौती र सुझावहरुको संक्षेप निम्न रुपमा रहको छ ।



### सिकाई

- विद्यालय सुधार योजना भन्नाले विद्यालयको आर्थिक पाटोलाई मात्र समावेश गर्ने दस्ताबेज भन्ने सरोकारवालाहरुको बुझाई रहेकोमा विद्यालय सुधार योजनामा विद्यालय विकासका लागि सम्पूर्ण पक्षलाई समेटेर बनाईएको ५ वर्षिय योजना सहितको दस्ताबेज रहेको सिकाई भएको ।
- लेखा प्रणाली सम्बन्धी तालिम पश्चात् विद्यालयमा वित्तिय व्यवस्थापन गर्नका लागि शिर्षक अनुसारको खर्च गरिएमा लेखा प्रणाली सुव्यवस्थित हुने जानकारी भएको ।
- परियोजना संचालनका दोरानमा प्रधानाध्यापक नै अधिकांश तालिममा सहभागि हुने तर तालिमबाट सिकेका कुराहरु विद्यालयमा आएर अन्य शिक्षकहरु समक्ष साटासाट गर्ने प्रवृत्ति कम रहेकोमा, सो विषयलाई पनि महत्वका साथ अवलम्बन गनुपर्ने जसले सबैलाई विद्यालय प्रतिको अपनत्व बढाउनमा मद्दत गर्ने सिकाई भएको ।
- तालिममा महिला सहभागिता ज्यादै न्यून रहेको अनुभवले गर्दा सहभागिहरु छनौट गर्दा समावेशीतालाई ध्यान दिईनुपर्ने जसले गर्दा सबैले समान रुपले अवसर प्राप्त गर्ने सिकाई भएको ।
- आगामी दिनमा अभिभावक शिक्षालाई पनि प्राथमिकतामा राख्दै अभिभावक शिक्षा सम्बन्धी कार्यक्रम गर्न सकिने सिकाई भएको ।

### चुनौती

- धेरै जसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति नभएकाले विद्यालय सुशासन सम्बन्धी कार्यहरु गर्न सहज नभएको ।
- Information and Communication Technology का पहुँच सबै विद्यालयहरुमा नभएको र सो सम्बन्धी दक्ष जनशक्तिको अभाव ।
- बाल क्लबको उचित परिचालन र बाल क्लबलाई सक्रिय बनाउन नसक्नु ।
- अभिभावक शिक्षाका कमीले प्रधानाध्यापकलाई पूर्ण अभिभावकको सहयोग प्राप्त गर्न कठिन भएको ।

### सुझाव

- बालक्लबलाई थप सक्रिय बनाउनका लागि विभिन्न किसिमको बालक्वल लक्षित तालिम तथा विद्यालय व्यवस्थापनको बैठकमा नियमित अर्थपूर्ण उपस्थिति गराउनुपर्ने ।
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनले विद्यालय सुशासन तथा सामाजिक लेखा परिक्षणले पारदर्शिता कायम गर्ने हुँदा सरोकारवालाहरु बिच सकारात्मक सम्बन्ध हुनु पर्ने र सबैले विद्यालय प्रति अपनत्व साथै आफ्नो जिम्मेवारीका बारे बुझ्नुपर्ने ।

## विद्यालय सुधार योजना सम्बन्धी अभिमुखीकरण

विद्यालयमा भौतिक, आर्थिक, प्रशासनिक, शैक्षिक तथा अन्य व्यवस्थापन पक्षहरुको विकास र सुधारका निम्ति विद्यालय सुधार योजना एक प्रमुख आधार हो । तसर्थ विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजनाको महत्व तथा आवश्यकता अभिभावक, विद्यार्थी, व्यवस्थापन समिति सदस्यहरुलाई अवगत गराउन र सो योजना निर्माण प्रकृयामा उनीहरुको अर्थपूर्ण सहभागिता बनाउने बातावरण श्रृजनागर्न एनसिई-नेपालले विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन




समिति, अभिभावक, बालक्लब प्रतिनिधि लगायत सरोकारावालाहरुलाई विद्यालय सुधार योजना बारे एकदिने अभिमुखीकरण कार्यक्रमहरु धनुषा, महोत्तरी र सिरहा जिल्लामा स्थित निम्न उल्लेखित १३ वटा विद्यालयमो संचालन गरेको थियो । उक्त कार्यक्रमले सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्दै विद्यालय सुधार योजनाले विद्यालयको सुधार तथा समग्र व्यवस्थापन पक्ष बलियो बनाउन प्रमुख भूमिका खेल्ने सकारात्मक सन्देश दिएको थियो । कार्यक्रमा उपस्थित सहभागीहरुले विद्यालय सुधार योजनाको उद्देश्य र औचित्यताको महत्वलाई स्वीकर गर्दै, आउने दिनहरुमा सो योजना निमार्णका लागि आफूहरुले विद्यालयलाई आवश्यक सहयोग र सहकार्य उपलब्ध गराउने प्रतिवद्धता जनाएका थिए ।

**उक्त अभिमुखीकरण कार्यक्रम निम्न उल्लेखित विद्यालयहरुमा संचालन गरिएको थियो :**

- श्री माध्यमिक विद्यालय, बदिया, बजार टोल, बल्वा नगरपालिका महोत्तरी
- श्री माध्यमिक विद्यालय, खुङ्गा, बजार टोल, लोहारपट्टी नगरपालिका, महोत्तरी
- श्री रामवती जगदेव माध्यमिक विद्यालय, बगडा शाउथ टोल, लोहारपट्टी नगरपालिका, महोत्तरी
- श्री सार्वजनिक माध्यमिक विद्यालय, भिमगड, भिमगड टोल, भगंहा नगरपालिका, महोत्तरी
- श्री जनता माध्यमिक विद्यालय, बनौटा बनौटा, बलुवा नगरपालिका, महोत्तरी
- श्री जनता राष्ट्रिय माध्यमिक विद्यालयधमौरा बजार, बलुवा नगरपालिका, महोत्तरी
- श्री सरयुग मुन्नीलाल माध्यमिक विद्याालयसरपल्लो, मनर सिसवा नगरपालिका, महोत्तरी
- श्री मा.वी देवपुरा, जनकपुर उपनगरपालिका, धनुषा
- राजश्वर नीधि मा.वि नगराईन नगरपालिका, धनुषा
- श्री माध्यमिक विद्यालय , टेढामोड, कमला नगरपालिका धनुषा
- श्री प्रगतिशील माध्यमिक विद्यालय, हथमुण्डा, कमला नगरपालिका
- श्री जनता माध्यमिक विद्यालया, जिभौल, बरियारपट्टी नगरपालिका, सिराहा
- श्री सुन्दर जनता माध्यमिक विद्यालय, औरही, औरही गाउँपालिका, सिराहा

## विद्यालय सरोकारवालाहरुको क्षमता अभिवृद्धि

विद्यालय सुशासनमा आ-आफनो जिम्मेवारी र भूमिका बारे अवगत गराई एक आपसमा सहयोग, समन्वय, सञ्जालीकरण र पारदर्शिताको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले धनुषा र महोत्तरी जिल्लाका निम्न उल्लेखित ४ वटा क्लस्टरका विद्यालयहरुका सरोकारवालाहरुलाई विद्यालय सुशासन तथा जवाफदेहिता सम्बन्धी क्षमता अभिवृद्धि तालिम यहि पौष ३ गते धनुषामा, पौष ९, १२ र १४ गते महोत्तरी जिल्लामा संचालन गरेको थियो । कार्यक्रममा विद्यालयको नियमित पठन पाठन, विषयगत शिक्षक व्यवस्थापन, अतिरिक्त क्रियाकलापहरु, समुदायसँग गरिने अन्तरक्रिया जस्ता विद्यालय सुशासनका विभिन्न पक्षहरु बारे चर्चा गर्दै सहभागीहरुको क्षमता अभिवृद्धि गरिएको थियो ।




साथै बालमैत्री विद्यालय, विद्यालय सुधार योजना, सामाजिक परीक्षण, सामाजिक जवाफदेहिताका औजारहरू आदिको अवधारणा र उद्देश्यहरू जस्ता सवालहरुबारे पनि अवगत गराईएको थियो । उक्त कार्यक्रमहरुमा प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापनि समिति, बालक्लब, समुदायका अगुवा, आदि सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।

- श्री सार्वजनिक माध्यमिक विद्यालय, भिमगड, भिमगड टोल, भगंहा नगरपालिका, महोत्तरी
- श्री जनता माध्यमिक विद्यालय, बनौटा बनौटा, बलुवा नगरपालिका, महोत्तरी
- श्री माध्यमिक विद्यालय, बदिया बजार टोल, बल्वा नगरपालिका, महोत्तरी
- श्री मा.वि. यदुकोहा शहिद नगरपालिका धनुषा

## जिल्ला स्तरीय नीतिगत संवाद

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र गो गो फाउनडेसनको संयुक्त आयोजनामा विद्यालय सुशासन प्रवर्द्धनका लागि शिक्षा सम्बन्धी विद्यमान कानुनी व्यवस्था, भूमिका तथा जिम्मेवारीका बारेमा प्रमुख सरोकारवालसँग छलफल गर्ने उद्देश्यका साथ धनुषा, महोत्तरी र सिराहा गरी ९ वटा जिल्ला स्तरीय नीति सम्बाद कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभाव, बालक्लब प्रतिनिधिहरुको अर्थपूर्ण उपस्थिति रहेको थियो ।



कार्यक्रमले विद्यालयहरुमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि तथा सामाजिक जवाफदेहीता सम्बन्धी औजार कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता बढाउनुका साथै नीति नियम तथा ऐन अनुसार विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बालक्लबको गठन प्रकृया हुनु पर्ने विषयमा सहभागिहरुको ध्यानाकर्षण गरेको थियो। हाल विद्यालयहरुमा देखिएका सुशासन सम्बन्धी समस्याहरुलाई उजागर गर्दै समस्या समाधानका लागि विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन अपरिहार्य भएकाले राजनैतिक शक्तिका आधारमा नभई नीतिगत रुपमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सबै सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहेको सन्देश दिन सफल भएको थियो । विद्यालयमा प्रधानाध्यापकको नेतृत्वदायी भूमिका, आर्थिक पारदर्शिता,सक्रिय विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बालक्लब, दायित्व तथा जिम्मेवारी बोध गरेका शिक्षक, सचेत समुदाय र निर्णयका बेला सबैको अर्थपूर्ण सहभागिताद्धारा मात्रै विद्यालयको गुणस्तरीय शिक्षा सम्भव हुने बारे समेत छलफल गरिएको थियो । संघीयता कार्यान्वयन पश्चात् पनि अझै स्थानीय तहहरुमा स्थानीय शिक्षा ऐन निर्माण प्रकृयामा अन्यौलता देखिएकाले विद्यालयहरुमा पनि थप अन्यौलता सिर्जना भएको समिक्षा उक्त कार्यक्रममा गरिएको थियो । कार्यक्रमले स्थानीय तहका पदाधीकारीहरुको पनि विद्यालय सुशासनका बारेमा केही हदसम्म भए पनि जानकारी दिन सफल भई आगामी दिनका लागि कार्य योजना बनाउन प्रेरित गर्न समेत सफल भएको थियो । स्थानीय तहका प्रतिनीधिहरुद्धारा नगर र गाँउ शिक्षा ऐन तथा नियमावली निर्माण गरी विद्यालयहरुमा सुशासन प्रवर्द्धन र सुदृढीकरणमा निरन्तर रुपमा सहयोग गर्ने प्रतिबद्धता समेत जाहेर भएको थियो ।

## सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता, विषयक जर्नक पुस्तिकाको दोस्रो अंक प्रकाशन

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले "सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता, विषयक जर्नक पुस्तिकाको दोस्रो अंक प्रकाशन गरेको छ। यस अकंमा गुणस्तरीय शिक्षाका लागि सुशासनको प्रर्वद्धन र आवश्यकता, यसको नीतिगत व्यवस्था र कार्यन्वयन पक्ष,विद्यमान सुशासनका चुनौतीहरु, शैक्षिक सुशासनका लागि स्थानीय सरकारको भूमिका बारे प्रष्ट पार्ने प्रयत्न गरिएको छ। विद्यालय सुशासनका विभिन्न पक्षहरु समेटिएर प्रकाशन गरिएको उक्त दाम्रो अंकको जर्नल पुस्तिका शिक्षा क्षेत्रमा कार्यरत विभिन्न सरकारी एवम् गैरसरकारी संघ संस्थाहरु, नागरिक समाजका संस्थाहरु, शिक्षाविद्, विद्यालयहरु आदिलाई वितरण गरिने योजना रहेको छ।

## हाम्रो शिक्षा मोबाईल एप्लिकेशन सम्बन्धी तालिम तथा विद्यालय अनुगमन प्रतिवेदन

सर्च फर कमन ग्राउण्डले परियोजना लागु भएका ४२ विद्यालयका प्रधानाध्यापकहरुलाई हाम्रो शिक्षा मोबाइल एप्लिकेशन सम्बन्धी एक दिने अभिमुखीकरण तालिम गत नोभेम्बर महिनामा सम्पन्न गरेको थियो । उक्त तालिममा मोबाइल एप्लिकेशनको प्रयोग गर्ने तारिका, यसका उपयोगिता र महत्वका बारेमा जानकारी गराइएको थियो । विशेषतः यस मोबाइल एप्लिकेशनको प्रयोगबाट विद्यालयका निम्न पक्षमा सकरात्मक प्रभाव पार्ने उद्देश्य लिएको छः

- विद्यालयको शैक्षिक गुणस्तरमा सुधार आउने ।
- विद्यालयको सामाजिक उत्तरदायित्वप्रति सबैलाई सजग र सहभागी बन्न अग्रसर हुने ।
- विद्यालयमा सुशासन र पार्दरशिता कायम गर्न मद्दत मिल्ने ।
- विद्यालयको आन्तरिक र बाह्य ब्यबस्थापनमा मद्दत मिल्ने ।
- प्रत्येक विद्यालयले आफ्ना केही आन्तरिक तथ्याङ्कहरु एप्समा अपलोड गर्न मदत मिल्ने । तत्पश्चात् डिसेम्बर महिनाभरी सम्बन्धीत ४२ वटा सामुदायिक विद्यालयहरु मध्ये ३० वटा विद्यालयहरुका प्रत्येक प्रधानाध्यापकहरुलाई विद्यालयमै गई पुनः एप्लिकेशनमा तथ्याङ्कहरु हाल्ने तरिका सिकाईयो । साथै विद्यालयका केहि प्राथमिक तथ्याङ्कहरु पनि उक्त एपमा हाल्नुपर्ने भएकाले तथ्याङ्क सङ्कलन पनि गरियो ।

## अनुगमन गरिएका सामुदायिक विद्यालयहरूको नामवली

महोत्तरीका विद्यालयहरुमा श्री जनता उच्च मा.वि. बनौटा, श्री राष्ट्रिय मा.वि. बर्दिया, मैथली बल्लभ मा.वि. पडौल, श्री मा.वि. धमौरा, श्री योग कुमार उच्च मा.वि. बलवा, श्री सरयुग मुन्सिफ मा.वि. सरपल्लो, श्री उच्च मा.वि. सीतापुर भङ्गाहा, श्री उच्च मा.वि. खुड्ा पिप्राढी, श्री राष्ट्रिय मा.वि. पिप्राढी, श्री भेरुखी जनता मा.वि. लोहारपट्टी, श्री सार्वजनिक मा.वि. भिमगड हरिमारि रहेका थिए।

त्यसैगरी, धनुषा जिल्लाका श्री राजेश्वर मावि नगराईन, श्री बैद्यनाथ देवनारायण मा.वि. तुल्सियानिकास, श्री गिरिजा मा.वि. फुलगामा, श्री जनता मा.वि. देवपुरा, श्री राष्ट्रिय मा.वि. रुपैठबेल्ही, श्री के.यस.एच.यस.बि.मा.वि. खजुरीचन्हा, श्री मा.वि. ठाडी, श्री जनता मा.वि. गिद्धा बेलापट्टी, श्री मा.बि. टेढामोड विद्यालयहरुबाट पनि तथ्याङ्कहरु संकलन गरियो भने सिराहा जिल्लाका श्री जनतामा.वि. देउरीपट्टी, श्री जनता मा.वि. बरियारपट्टी, श्री जनता मा.वि. खोक्सी, श्री सुन्दर जनता मा.वि., श्री मा.वि. हकपारा, श्री जनता मा.वि. सनैठा, श्री जनता मा.वि. भलुवाही, श्री सारस्वोरनाथ मा.वि. सारस्वोर, श्री चन्द्र मा.वि. सिराहा, श्री ब्रा.भ्रा जनता मा.वि. माडर, र श्री लालजी शकुन्तला मा.वि. माडर रहेका थिए।

## अनुगमनका क्रममा विद्यालयहरूमा हाम्रो शिक्षा मोबाइल एपको अवस्था, समस्या र चुनौतीहरू

तालिम पुर्व एपको बारेमा थाहा भएता पनि प्रयोग गर्न नजानेकाले प्रयोगविहिन भएको अवसुथा थियो भने तालिमपछि नियमित प्रयोग गरिएको पाइयो। अनुगमनका क्रममा पुनः सिकाउँदा प्रअहरुमा थप उत्साह र ईच्छुक भएर सिक्दै नियमित प्रयोग भइरहेको पाइयो। यति हुँदाहुँदै पनि उक्त मोबाइल एपको नियमित प्रयोगमा विद्यालयहरुले निम्न चुनौतीहरु भोगीरहनु परेका प्रअहरुले प्रतिक्रिया दिनुभयो :

- प्रधानाध्यापकहरुमा प्राविधिक ज्ञानको कमी हुनु तर सबै विद्यालयमा तालिमप्राप्त कम्प्युटर शिक्षक उपलब्ध नहुनु ।
- तथ्याङ्क अपडेट गर्नमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ बिचको सहकार्यमा कमी ।
- सधैँ मोबाइल डाटाले सहज काम नगर्नु तर विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध नहुनु ।

यद्पी प्रअहरुले तथ्याङ्क हाल्ने प्रतिबद्धता जनाउनु भएको छ साथै विद्यालयको शासन तथा जवाफदेहिता सुदृढीकरणमा प्रतिबद्ध भई लाग्नका लागि हाम्रो शिक्षा मोबाइल एप्लिकेशनलाइ भरपुर प्रयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । सर्चले यहि जनवरी २०१९ मा यस एपलाई स्थानीय सरकार समक्ष हस्तान्तरण गरी सरकारको प्रत्यक्ष सम्लग्नता विद्यालयमा सुशासन कायम गर्न प्रविधीको प्रयोगलाई प्रवर्द्धन गर्ने योजना बनाएको छ ।

## अप्पन शिक्षा "रेडियो कार्यक्रम"

हाम्रो शिक्षा परियोजना अन्तर्गत ५२ वटा अंक मध्ये दुई चरणमा गरेर पारित भएको ३८ अंकहरुबारे तीनै जिल्ला (धनुषा, सिराहा र महोत्तर) का रेडियो श्रोताहरु र अन्य सरोकारवालाहरुमाझ अक्टोबर २०१८ तिर गोगो फाउण्डेशन र रेडियो मिथिलाले संयुक्त रुपमा मत सर्भेक्षण गरेकोमा करिब ९०% सरोकारवालाहरुले कार्यक्रम सुनिएको थियो । उक्त रेडियो कार्यक्रममा अधिकांश श्रोताहरुले कार्यक्रम प्रस्तुतिको ढाँचा रुचाउनुका साथै विभिन्न अंकहरुमा प्रस्तुत गरिएका सामग्रीहरु जस्तै : शिक्षा क्षेत्रसम्बन्धी ऐन, नीति, कार्यविधि, विद्यायलय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघबारे बढी सम्झेका थिए । त्यस्तै बाँकी १४ अंकहरुमा शिक्षा क्षेत्रमा भैरहेका परिवर्तनबारे, शिक्षा क्षेत्रमा स्थानीय सरकारको भूमिकाबारे, "हाम्रो शिक्षा" परियोजनाअन्तर्गत सञ्चालन भईरहेको कार्यक्रमहरुको स्थलगत रिपोर्टिङ्गबारे जोड दिने सुझाव आएअनुसार यही डिसेम्बर २० देखि प्रसार भैरहेको अंकहरुमा यिनै सुझावहरु समेटिएका छन् ।

अप्पन शिक्षा रेडियो कार्यक्रम



http://www.gogofoundation.org/AppanShikshyaradioprogram.php

## समुदायमा प्रचार-प्रसार कार्यक्रम



हाम्रो शिक्षाले हाँसिल गर्न खोजेको उद्देश्यहरुलाई समुदायस्तरमा प्रभावकारी रुपमा प्रसार गर्न स्थानीय कलाकारहरुको सहभागिता र हाम्रो शिक्षा परियोजनाका पार्टनर स्थानीय युवा क्लबहरुसँगको समन्वयमा परियोजना सञ्चालित तीनवटै जिल्लाका ४२ (धनुषा १६, महोत्तरी १३ र सिराहाका १३) वटा स्कुलहरु नजिकैकको बस्तीहरुमा "सडक नाटक" मञ्चन गरिएको थियो । उक्त सडक नाटकको माध्यमबाट स्कुलहरुमा शैक्षिक सुशासन सुनिश्चित गर्न बालकालिकालाई विद्यालय पठाउनु पर्ने, विद्यालयहरुमा पूरा पढाई हुनुपर्ने, शिक्षकहरुले सदाचार सिकाउनु पर्ने, अभिभावकहरुले पनि स्कुलको व्यवस्थापन र पढाईबारे चासो लिई आवश्यक ठाउँहरुमा सहयोग गर्नुपर्ने जस्ता सन्देशहरु दिइएको थियो ।

## नागरिक संस्थाहरु (CSOs) को गतिविधि

करिब ९ महिना अगाडि प्रथम चरणमा तालिम दिइएका ३ वटा जिल्लाबाट १० वटाका दरले ३० वटा नागरिक संस्थाहरु मध्ये विभिन्न चारवटा सामाजिक जवाफदेहिताका औजाहरुको प्रयोगको माध्यमद्वारा परियोजना सञ्चालित ४२ वटा विद्यालयहरुमा शैक्षिक सुशासन अभिवृद्धि गर्न ९ वटा (३ जिल्लाबाट ३ वटाका दरले) नागरिक संस्थाहरुलाई निश्चित रकम बिऊ पुँजी उपलब्ध गराइएको थियो ।



यसरी बिऊ पुँजी पाइसकेपछि तीन नागरिक संस्थाहरुले आपसरी सरसल्लाहको माध्यमबाट आफूहरुले काम गर्ने स्कुलहरुको छनौट गरी त्यस स्कुलका पदाधिकारीहरुसँग छलफल गरी कुन स्कुलमा कुन औजार कहिले प्रयोग गर्नेबारे व्यापक छलफल गरी मिति, समय र औजारबारे निर्णय गरेका थिए । तर त्यसको बाबजुद विभिन्न चाड, पर्व तथा बाधा व्यवधान जस्तैः परीक्षा, छुट्टी, हडताल आदिको कारणले पहिला तय गरिएका मिति र समय बारबार फेरिरहनु परेको कारण नागरिक संस्थाहरुले निर्धारित समयमा सबै काम सम्पन्न गर्न सकेका छैनन् । धनुषाको नागरिक संस्था पिपल प्रमोट सेन्टरले सबै काम सम्पन्न गरिसकेको छ भने लाइफ नेपाल र सामुदायिक विकास केन्द्रले एक-एकवटा विद्यालयमा १/१ वटा औजारको प्रयोग सम्पन्न गर्न बाँकी रहेको छ । महोत्तरीको नागरिक संस्था YNPD र मुस्लिम विकास तथा कल्याण समितिको १/१ वटा अैजारको प्रयोग बाँकी रहेको छ भने महोत्तरी दलित जनजाति उत्थान संघले आफ्नो पदाधिकारीको बिमारीको कारण ८ वटा मध्ये ३ वटा मात्र सम्पन्न गरेको छ । सिराहाको नागरिक संस्था महिला उद्धार सेवा केन्द्र र भवानी ईन्टिग्रेटेड डेभलपमेन्ट सेन्टरले १/१ वटा औजारको प्रयोग गर्न बाँकी रहेको छ भने CEADN को ८ वटा मध्ये १ वटा मात्र सम्पन्न भैसकेको छ ।

## गुनासो दर्ता सुनुवाइ संयन्त्र

परियोजना सञ्चालित सबै विद्यालयहरुमा गुनासो सुनुवाइ सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न भई प्रत्येक विद्यालयलाई वितरण गर्न १/१ वटा उजुरी पेटिका दिने योजनाअनुसार सो पेटिकाहरु तयार भैसकेका छन् । त्यस्तै नै परियोजनाले समेटेका विद्यालयहरुको नजिकै रहेका विद्यालयहरुमा पनि शैक्षिक सुशासन प्रवर्द्धन होओस् भन्नाको लागि तीनै जिल्लामा थप करिब ६० वटा उजुरी पेटिका पनि बनाईसकेका छन् ।




## नागरिक संस्थाहरुलाई पुर्नताजगी तालिम



नागरिक संस्थाहरुले सबैभन्दा अप्ठ्यारो "सामाजिक परीक्षण" औजारमा भएको महसुस भई सो औजारमा बढी केन्द्रित भई अन्य औजारहरुबारे पनि नागरिक संस्थाहरुलाई सहज होस् भन्ने उद्देश्यले जनकपुरमा ३ दिने पुर्नताजगी तालिमको आयोजना गरिएको थियो । सो तालिममा प्रत्येक नागरिक संस्थाबाट सामाजिक जवाफदेहिताका औजार प्रयोगककर्ता १ र लेखा हेर्ने अधिकृत १ लाई गरी जम्मा १८ सहभागी गराई औजारसम्बन्धी छलफल र बिऊ पुँजी दिएवापतको अनुदानको हिसाब किताब बुझाउनेबारे परामर्श तथा छलफल गरिएको थियो ।



"हाम्रो शिक्षा" परियोजनाको साझेदार संस्था सर्च फर कमन ग्राउण्डका राष्ट्रिय निर्देशक तथा नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणका अभियान्ता तथा शिक्षाविद् **स्व. डा. भोला प्रसाद दाहाल**को असमायिक निधनले सिङ्गो शिक्षा क्षेत्रलाई मर्माहित तुल्याएको छ । समग्र शिक्षा क्षेत्रको विकासका क्रममा उहाँले दिनुभएको योगदान अतुलनीय छ साथै "हाम्रो शिक्षा" परियोजना संचालनका दौरानमा उहाँले देखाउनु भएको मार्गदर्शन र पृष्टपोषणले यस परियोजनालाई प्रभावकारी रुपमा अगाडी बढाउन महत्वपूर्ण भूमिका खेलेको छ । स्वर्गीय डा.भोला प्रसाद दाहालको आत्माको चीर शान्तिको कामना गर्दै यस समाचार पत्रिका उहाँमा समर्पण गर्न चाहन्छौं ।

यो समाचार पत्र एनसिई-नेपालद्वारा "हाम्रो शिक्षा" परियोजना अन्तर्गत प्रकाशन गरिएको छ ।

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)
बबरमहल, काठमाडौं पो.बक्स नं.: १४४२१
फोन नं.: ९७७-१-६२०३००९, ०१-४२२३४२०
इमेलः info@ncenepal.org.np वेब साइटः www.ncenepal.org.np